# डायलिसिस

## Dialysis

Dialysis is a treatment used when your body's kidneys stop working well. Extra fluids and wastes are removed from your body with dialysis. There are 2 types of dialysis:

- Hemodialysis
- Peritoneal dialysis

डायलिसिस एक उपचार हो जो त्यतिबेला प्रयोग गरिन्छ जब तपाईंको शरीरको मिर्गौलाले काम गर्न बन्द गर्दछ। डायलिसिस प्रक्रियाद्वारा तपाईंको शरीरबाट अतिरिक्त द्रव्य एवम् अपशिष्टहरूलाई हटाइन्छ। डायलिसिस 2 प्रकारका हुन्छन्:

- हेमोडायलिसिस
- पेरिटोनिअल डायलिसिस

### Hemodialysis

With hemodialysis, small amounts of blood are pumped out of the body and through a dialysis machine that has a filter called an artificial kidney. This machine filters extra fluid and wastes from the blood. The blood is then pumped back into your body. Treatment can be given at a dialysis center or at home. Talk with your doctor and health care team about your options.

- Treatments take about 4 hours and are done 3 times each week in a dialysis center.
- Treatment at home is done more days of the week for shorter periods of time. Home treatment requires you and your partner to attend 3 to 8 weeks of training to learn to run the machine and to track your treatments.

For this treatment, there needs to be a site where the blood is taken out of the body and then returned to the blood stream. This is called an **access**. After the access is made and healed, 2 needles are inserted into the access. One needle draws the blood out and the other needle returns the blood to the body.

### हेमोडायलिसिस

हेमोडायलिसिस प्रक्रिया, पम्पले शरीरबाट कम्ति मात्रामा रगत बाहिर निकालेर अनि कृत्रिम मिर्गौला भनिने फिल्टरयुक्त डायलिसिस मेशिनमार्फत गरिन्छ। यो मेशिनले रगतबाट अतिरिक्त द्रव्य र अपशिष्टहरूलाई फिल्टर गर्छ। त्यसपछि रगतलाई फेरि तपाईंको शरीरभित्र पम्प गरिन्छ। यो उपचार डायलिसिस केन्द्र वा तपाईंको घरमा नै गर्न सकिन्छ। तपाईंको विकल्पबारे आफ्ना डक्टर वा स्वास्थ्य सेवा टीमसँग सल्लाह गर्नुहोस्।

- यो उपचारमा करिब 4 घण्टा लाग्छ र डायलिसिस केन्द्रमा सातामा 3 पटक गरिन्छ।
- घरमा गरिने उपचार सातामा बढी दिन कम्ती अवधिका लागि गरिन्छ।  घरमा यो उपचारका लागि तपाईं र तपाईंका सहभागीले मेशिन चलाउन र तपाईंको उपचारको रेकर्ड राख्न सिक्नका लागि 3 देखि 8 साताको तालिम हासिल गर्नु जरुरी छ।

यो उपचारका लागि, एउटा ठाउँ हुनु पर्छ जहाँ शरीरबाट रगत बाहिर निकालेर फेरि शरीरभित्र रगतको प्रवाहमा फर्काउन सकियोस्। यसलाई **एक्सेस** भनिन्छ। एक्सेस गरेर हील गरिएपछि, एक्सेस स्थलमा 2 सुईहरू पसालिन्छन्। एउटा सुईले रगत बाहिर थुत्छ र अर्को सुईले शरीरमा रगत फर्काउँछ।

## Access Sites

There are three main types of access sites.

- **AV Fistula** – With minor surgery, an artery is joined to a vein under the skin. This is most often done in an arm.
- **Graft** – With minor surgery, a soft plastic tube is used to join the artery and vein under the skin.
- **A central catheter** – For temporary dialysis, the doctor can put in a catheter in a large vein, most often in the neck.

## एक्सेस स्थलहरू

एक्सेस स्थलका तीन मुख्य प्रकार छन्।

- **एभि फिस्टुला (AV Fistula)** – सानो सर्जरीद्वारा, छालाभित्र एउटा धमनीलाई नसासित जोडिन्छ। यो प्रायः पाखुरामा गरिन्छ।
- **ग्राफ्ट** – सानो सर्जरीद्वारा, छालाभित्र धमनी र नसालाई जोड्नका लागि एउटा मुलायम प्लास्टिक ट्युबको प्रयोग गरिन्छ।
- **एक सेन्ट्रल क्याथेटर** – अस्थायी डायलिसिसका लागि, डक्टरले एउटा क्याथेटर ठूलो नसामा, प्रायः गर्दनमा, पसाउँछन्।

## Peritoneal Dialysis (PD)

With peritoneal dialysis, a catheter is put into the abdomen in surgery. The lining of your abdomen acts as a natural filter for your treatment.

Special fluid, called **dialysate**, is put into the abdomen through the catheter. The fluid stays in the abdomen for several hours, called dwell time. During this time, the body's extra fluid and wastes move from the blood in the lining of the abdomen to the fluid. This fluid becomes much like urine and it is then drained from the body through the catheter into a bag.

Clean fluid is then put into the abdomen, and the steps are repeated.  Each drain and fill cycle is called an exchange and takes about 30 to 40 minutes.

A dialysis nurse would train you and a family member or friend for a week or two to learn how to do the exchanges and prevent infections. After training, most people are able to do peritoneal dialysis on their own.

## पेरिटोनिअल डायलिसिस (PD)

पेरिटोनिअल डायलिसिस प्रक्रियामा एउटा क्याथेटर सर्जरीद्वारा पेटमा पसाइन्छ। तपाईंको पेटको जालीले तपाईंको उपचारमा प्राकृतिक फिल्टरको रूपमा काम गर्छ।

**डायलिसेट** भनिने विशेष द्रव्यलाई क्याथेटरमार्फत पेटमा हालिन्छ।  त्यो द्रव्य कैयौँ घण्टासम्म पेटमा नै रहन्छ, जसलाई ड्वेल अवधि भनिन्छ। यो अवधिमा, शरीरका अतिरिक्त द्रव्य र अपशिष्ट पेटको जालीमा रहेको रगतबाट द्रव्यमा पुग्छ। यो द्रव्य पिसाब जस्तो बन्दछ र त्यसपछि यो क्याथेटरमार्फत शरीरबाट निस्केर थैलीमा जम्मा हुन्छ।

त्यसपछि सफ्फा द्रव्य पेटमा हालिन्छ, र यो प्रक्रिया दोहोर्‍याइन्छ।  हरेकपटक निकाल्ने र हाल्ने चक्रलाई एक्सचेन्ज भनिन्छ र यसमा करिब 30 देखि 40 मिनेटको समय लाग्छ।

डायलिसिस नर्सले तपाईं र तपाईंको परिवारको सदस्य वा साथीलाई यो एक्सेचेन्ज कसरी गर्ने र संक्रमण रोक्ने हो भनी एक वा दुई साताको तालिम दिनेछन्। तालिमपछि, प्रायःजस्ता मानिसहरू पेरिटोनिअल डायलिसिस प्रक्रिया आफै गर्न सक्षम हुन्छन्।

There are 2 main types:

- **Continuous Ambulatory Peritoneal Dialysis (CAPD)** is done 3 to 5 times each day and the fluid stays in the abdomen for 4 to 6 hours or more. This can be done anywhere there is a clean, private area and does not require a machine.
- **Automated Peritoneal Dialysis (APD), also called Continuous Cycling Peritoneal Dialysis (CCPD),** is done using a special machine called a cycler. The fluid stays in the abdomen for a shorter time, about 1½ hours. The machine is set up and the person is connected for 8 to 10 hours during the night. The machines fills and empties the abdomen while the person sleeps. The person is unhooked from the machine during the day.

It can take time to get used to the feeling of the fluid in your abdomen. Some people feel bloated or full, but you should not feel any pain. Many people feel the same as usual, even with the fluid.

**Talk to the staff if you have any questions or concerns.**

यसका दुई मुख्य प्रकार छन्:

- **कन्टिन्युवस एम्बुलेटोरी पेरिटोनिअल डायलिसिस (CAPD)** हरेक दिन 3 देखि 5 पटक गरिन्छ र द्रव्य 4 देखि 6 घण्टा वा बढी समयसम्म पेटमा नै रहन्छ। यो कुनैपनि सफ्फा, निजी स्थलमा गर्न सकिन्छ र यसका लागि कुनै मेशिनको आवश्यकता पर्दैन।
- **कन्टिन्युवस साइकलिङ्ग पेरिटोनिअल डायलिसिस(CCPD) पनि भनिने अटोमेटेड पेरिटोनिअल डायलिसिस (APD)** साइकलर नामक एउटा विशेष मेशिनद्वारा गरिन्छ। द्रव्य पेटमा छोटो अवधिका लागि रहन्छ, करिब 1½ घण्टासम्म। मेशिन जडान गरिन्छ र व्यक्तिलाई रातिको समयमा 8 देखि 10 घण्टासम्म जोडेर राखिन्छ। व्यक्ति सुतिरहेको अवस्थामा मेशिनले पेटमा द्रव्य भर्छ र खाली गर्छ। व्यक्तिलाई दिनको समयमा मेशिनबाट अलग गरिन्छ।

तपाईंको पेटमा द्रव्यको उपस्थितिको अनुभवको बानी पर्नमा समय लाग्न सक्छ। केही मानिसहरूले पेट फुल्लिएको वा भरिएको महसुस गर्छन्, तर तपाईंलाई कुनै पीडा महसुस हुनुहुँदैन। केही मानिसहरूले द्रव्य पेटमा हालिँदा पनि सामान्य नै महसुस गर्दछन्।

**तपाईंका कुनै प्रश्न वा चिन्ताहरू छन् भने स्टाफसँग कुरा गर्नुहोस्।**

© 2008 - September 3, 2020, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.